# Kobe International Community Center (KICC)
# जापानिज भाषा सिक्ने बारेमा

## १. कार्यक्रमको बारेमा

KICC एक यस्तो संस्था हो, कि कोवेमा बसोबास गर्ने विदेशी नागरिकहरुका लागि अझै प्रभावकारी रुपमा बसोबासको सहजिकरणको लागि सहयोग तथा समर्थन गरि, जापानि नागरिक र विदेशी नागरिक एक अर्काको बिचमा अन्तर्राष्ट्रिय आदान प्रदान गर्न सक्दछन्। यो परियोजनाको मुख्य उद्देश्य भनेको, हामिलाई दैनिक जिवनमा आवश्यक पर्ने जापानिज भाषा तथा संस्कृतिको बारेमा KICC सपोर्टर(स्वयंसेवक) संग अध्ययन गरि, जापानजिज भाषा तथा संस्कृति बुझ्नु रहेकोछ।

## 2. लागत

- जापानिज भाषा सिक्ने - निःशुल्क

## 3. आवेदन सर्तहरु

- कोबे शहरमा बसोबास गर्ने १५ वर्ष वा सोभन्दा माथिका विदेशी नागरिकहरू (जुनियर हाई स्कूलका विद्यार्थीहरू, र छोटो अवधिका बासिन्दाहरू बाहेक) वा जापानी नागरिकहरू जसलाई जापानी भाषा पढ्न आवश्यक छ, जस्तै विदेशमा जन्मिएर फर्केका बच्चाहरू वा अंगीकृत व्यक्तिहरू।
  ※ १८ बर्ष भन्दा कम उमेरकाहरुले, अभिभावक (परिवार या होस्ट परिवार आदि)को सहमतिमा आवेदन दिनुहोस्। आवेदन फारमको आपतकालिन सम्पर्कको ठाउँमा टेलिफोन नं. लेख्न नछुटाउनुहोस्।
- हप्तामा १ पटक, ६ महिनासम्म गतिविधिहरु जारि राख्न सक्नेहुनु।हप्तामा एक पटक, 6 महिनाको लागि निर्धारित परिस्थितिहरूमा अध्ययन गर्न चाहनुहुने व्यक्तिहरु ।
  ※ यदि तपाईंले गत तीन महिना भित्र व्यक्तिगत कारणले पहिले अध्ययन गर्दै गर्नु भएको पाठ लिन छोड्नुभएको छ भने, तपाइले अहिले आवेदन दिन सक्नुहुन्न।
- KICC को नियम पालना गर्नसक्ने र सिक्न र स्वतन्त्र रूपमा काम गर्न प्रेरित हुनु।
  ※ आवेदन दिनुभएपनि, सपोर्टर/ समर्थकहरु भेटाउन नसक्ने पनि हुनसक्छ।

## 4. आवेदन

- जाईरियु लिएर आउनुहोला। (भिषाको आवेदन दिनुभएकाहरुले कार्ड पाइसकेपछि मात्र दर्ता गर्न आउनुहोला)
- सोम.~ शुक्र. १० बजे ~ १२ बजे, १३ बजे ~१७ बजे भित्र KICC सिननागाता कार्यलय (४औं तला) मा आउनुहोस्।
- आवेदन फर्म भरेपछि, कर्मचारीहरुले तपाइँसंग भेट गर्नेछन्।

## 5. कक्षा(पाठ)

- कक्षा चाहिँ तपाई र समर्थकको सहमति अनुसार हुनेछ।
- कक्षा KICC मा हप्तामा १ पटक २ घण्टा, र समय अवधि चाहिँ ६ महिनाको हुनेछ।
- कक्षा संञ्चालन १ बर्षमा ४ पटक हुनेछ।
  अप्रिल (सेप्टेम्बरमा सकिने) / जुलाई (डिसेम्बरमा सकिने) / अक्टोबर (मार्चमा सकिने) / जनवरी (जूनमा सकिने)
- अध्ययन गर्न सकिने ठाउँ, दिन र समय तलबाट छनोट गर्नुहोस्। प्रत्येक हप्ता एउटै ठाउँ, दिन र समयमा गर्नेछौं।

〔Shin-Nagata〕

सोमबारः 10:00/12:00/14:00/16:00/18:00
मंगबारः 10:00/12:00/14:00/-----/18:00
बुधबारः -----/ -----/-----/-----/18:00
शुक्रबारः 10:00/12:00/14:00/16:00/18:00

〔Sannomiya〕

मंगः 10:00/12:00/14:00/16:00/18:00
बिहिः 10:00/12:00/14:00/16:00/18:00
शनिः 10:00/12:00/14:00/16:00/-----

- पाठको बारेमा तपाई र सपोर्टरबिचको परामर्श पश्चात निर्णय गरिनेछ।
- ६ महिनाको पछि फेरि अध्ययनको आवेदन दिन सकिनेछ। यद्यपि, तपाईं एउटै कुरा अध्ययन गर्न सक्नुहुन्न।
- व्यवसायिक अध्ययन गर्न चाहिँसकिनेछैन।

## 6. व्यक्तिगत जानकारीको बारेमा

- दर्ता गरिएको व्यक्तिगत जानकारी कुनै अन्य उद्देश्य को लागी प्रयोग गरिने छैन।
- दर्ता फारममा लेखिएको ईमेल ठेगानामा KICC बाट सूचनाको ईमेल चाँहि पठाउन सकिनेछ।
- समर्थकको खोजीको बेलामा, तपाईंको जानकारि, समर्थकले मात्र हेर्नमिल्ने वेबसाइटमा पोष्ट गर्नेछौं। नाम, ठेगाना, फोन नं., ईमेल ठेगाना जस्ता व्यक्तिगत जानकारिको कुराहरु पोष्ट गर्नेछैनौं।

Kobe International Community Center (KICC)　Shin-Nagata Office
Asta Kunizuka 1-Bankan, South Building 4F 5-3-1, Udezuka-cho, Nagata-ku, Kobe 653-0036
कोबेसि नागाताकु उदेचुका च्यो 5-3-1 आसुताकुनि जुका 1 बानकान मिनामितोउ 4 F
TEL: 078-742-8705　URL: https://www.kicc.jp/ne
रिसेप्शन समयःweekday ९:00-12:00、13:00-17:00 (शनि,आइ,रा.बिदाहरु,बर्षको अन्त्य र नयाँ बर्ष बिदाहरु बाहेक)